याङवरक गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

मेदिबुङ, थर्पु,पाँचथर
१ नं. प्रदेश, नेपाल

## प्रतिवध्दता

२०७४ माघ २९

नेपालमा पुरानो हस्तलिखित व्यक्तिगत घटना दर्ता प्रणालीमा सुधार ल्याई पूर्ण अनलाईन व्यक्तिगत घटना दर्ता कार्यक्रम सञ्चालनार्थ यस गाउँ कार्यपालिकाको मिति २०७४/०४/२० गतेको निर्णय तथा नेपाल सरकारव्दारा अवलम्बन गरिएको Online प्रणालीबाट सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता कार्य गरी "सबैको व्यक्तिगत घटना दर्ता गरौं-गराऔं, व्यक्तिगत घटना दर्ता दशक सन् २०१५-२०२४ सफल पारौं" भन्ने मूल नारा सहित यस गाउँपालिकालाई नेपालको सातौं, पाँचथरको पहिलो "पूर्ण अनलाईन व्यक्तिगत घटना दर्ता गाउँपालिका" घोषणा गरी अघि बढ्ने काम भइरहेको छ । आज यो कार्यक्रमको सफल कार्यान्वयनको कर्तव्य हाम्रो भएको छ । आज मिति २०७४ माघ २९ गते यस सभाका सम्पूर्ण सरोकारवाला पदाधिकारीहरु हामी "पूर्ण अनलाईन व्यक्तिगत घटना दर्ता गाउँपालिका" घोषणामा उपस्थित भई निम्नानुसारका क्रियाकलाप पूर्ण रुपमा कार्यान्वयन तथा सहभागिता जनाई गाउँपालिकामा यस कार्यक्रम सफल रुपमा सञ्चालन गर्ने प्रतिवध्दता जाहेर गर्दछौं ।

**प्रतिवध्दता :**

१. यस गाउँपालिका भित्र पूर्ण अनलाईन व्यक्तिगत घटना दर्तालाई निरन्तरता दिनेछौं ।

२. सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई समेत प्राथमिकताको आधारमा सम्पूर्ण वडाहरुमा बैंकिङ प्रणालीव्दारा सेवा प्रवाह गर्नेछौं ।

३. सेवाग्राहीमा समयमै सेवा प्रवाहको लागि जनचेतना जगाउने कार्यक्रमको व्यवस्था मिलाउनेछौं ।

४. सेवाको दीगोपनाको लागी कार्यालयका सम्पूर्ण कर्मचारीलाई तालिम प्रदान गर्नेछौं ।

५. नेपाल टेलिकम तथा निजि क्षेत्रका इन्टरनेट सेवा प्रदायकहरुलाई लागानी गर्न प्रोसाहित गरि गाउँपालिकाबाट इन्टनेट सेवाका लागि आवश्यक बजेटको व्यवस्था गर्नेछौं ।

६. आम सेवाग्राहीहरुमा घटना घटेको ३५ दिन भित्र व्यक्तिगत घटना दर्ता गर्न प्रोत्साहित गर्नेछौं ।

७. नेपाल सरकार तथा प्रदेश सरकारसँग समन्वय, सहकार्य गरी उक्त सेवालाई प्रभावकारी तुल्याउने प्रयत्न गर्नेछौं ।

| | | |
|---|---|---|
| लेख नाथ घिमिरे<br>अध्यक्ष | कमल कुमारी योङहाङ<br>उपाध्यक्ष | डम्बर बहादुर आङदेम्बे<br>प्रमुख प्रशासकीय अधिकृत |
| मोहन कुमार ढुंगेल<br>१ नं वडा अध्यक्ष | देउ कुमार योङहाङ<br>२ नं वडा अध्यक्ष | मविन्द्र योङ्या<br>३ नं वडा अध्यक्ष |
| शहरनन्द योङहाङ<br>४ नं वडा अध्यक्ष | टेकनाथ नेउपाने<br>५ नं वडा अध्यक्ष | तारा बहादुर योङहाङ<br>६ नं वडा अध्यक्ष |
| कृष्ण प्रसाद खरेल<br>१ नं वडा सचिव | अमृत बहादुर थापा<br>२ नं वडा सचिव | सूर्य बहादुर सेलिङ<br>३ नं वडा सचिव |
| रुद्र प्रसाद अधिकारी<br>४ र ५ नं वडा सचिव | कुमारी तामाङ<br>६ नं वडा सचिव | |